बै.स. १०/०८२

सम्वत् २०८२ साल चैत्र १४ गते बसेको फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुः

१. गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलनका लागि नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको अख्तियारी अनुसार खर्चको परिधिभित्र रही प्रत्यक वडाबाट सिफारिस सहित गणक नियुक्ति गरी घरधुरी सर्वेक्षण गर्न।

२. झगरे लिफ्ट सिँचाई फिक्कल ५ आयोजनाको रू. १२४८२०३०.३३ लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गर्ने।

३.बागमती प्रदेश सशर्त अनुदान तर्फको स्वीकृत कार्यक्रम फिक्कल महाकालीदेवी एकीकृत पर्यटन प्रवर्द्धन कार्यक्रमको लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने।

४.सिउरेवाङटार झो.पु.को लागि सशर्त अनदान रू. ६ लाख प्राप्त भएकोले उक्त आयोजनाको विस्तृत परियोजना प्रतिवेदनको कुल लागत रू. ४४१९७९१.२८ मध्ये सामान खरिदमा रु. १४१७८२५।- रहेको हुँदा यस आ.व. मा विद्युतीय खरिद प्रकृया अगाडि बढाई भुक्तानी गर्न अपुग रकम आगामी आ.व. मा प्राप्त हुने सोही आयोजनाबाट भुक्तानी गर्ने ।

५. कृषि एम्बुलेन्स खरिदको लागि श्री सुनकोशी सामाजिक उद्यम महिला कृषि सहकारी संस्थालाई छनौट गरि लागत साझेदारीमा यान्त्रिक कार्यालय मुलकोटबाट प्राप्त स्पेशिफिकेशन अनुसार कृषि एम्बुलेन्स खरिदका लागि कार्यादेश दिने।

६. बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय हेटौंडा बाट अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिका छनौट भई सम्झौता समेत भएकोले रू. २० लाख बजेट क्रियाकलापगत रूपमा खण्डिकृत गरी तत्काल कार्यक्रम सुचारु गर्ने ।

७. विभिन्न विरामी तथा समस्यामा रहेका विर बहादुर लामिछाने फिक्कल ३ लाई रु. २५०००, भद्रा क्यापछाकी मगर फिक्कल ३ लाई रु. २५ हजार, चोल बहादुर राई फिक्कल ६-२००००, तारा कुमारी परियार फिक्कल ६-२००००, शुशिला पौडेल फिक्कल ६-१००००, घमण्ड प्र डोटेल फिक्कल ४-२००००, रत्न बहादुर आले फिक्कल २-२५ हजार, कमला कुमारी वि.क. फिक्कल २- १०००० आर्थिक सहायता दिने।

८.सोखु सालुके भालुभञ्याङ् सडक स्तरोन्नति वडा नं. ६ आयोजनाको भरियशन आदेश स्वीकृत गर्ने।

२०८२।१२।१४
डम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकिय अधिकृत

९. चालु आव मा स्वीकृत खर्च शीर्षक कोल्डस्टोर संचालन तथा व्यवस्थापन-४०००००, उत्पादनमा अनुदान-४०००००, टिमुर र भाँगाखेती प्रवर्द्धन-२०००००० तर्फको रकम रकमान्तर गरी कृषि यान्त्रिकरण कार्यक्रमका लागि रु. १० लाख को कार्यक्रम संचालन गर्ने र डाँडागाउँ पोखरी निर्माण फिक्कल ६ को रु. ५००००। लाई खानेपानी पाईप खरिद तथा व्यवस्थापनमा ५०००० रकमान्तर गर्ने।

१०. फिक्कल मेला २०८३ विविध कार्यक्रम गरी संचालन गर्ने ।

११. मिति २०८२/१२/२ मा आएको हावाहुरीको विपत्तिबाट विभिन्न क्षति भएका पीडितलाई पूर्ण छाना उडाएको हकमा २५ हजार र मतान, गोठ कटेरो तथा अन्यको हकमा स्थलगत अनुगमन गरी ५/१०/१५ हजार राहत रकम उपलब्ध गराउने ।

१२. आगामी ०८३/८४ को नीति तथा कार्यक्रमको मस्यौदाको जिम्मेवारी प्र प्र अ लाई जिम्मेवारी दिने ।

१३. एसइइ २०८२ परीक्षा दिएका विद्यार्थीलाई सीपमूलक तालिम संचालन गर्ने ।

१४. जडिबुटी उद्योग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२, पोषणमैत्री स्थानीय शासन वडा घोषणा कार्यविधि, २०८२, पोषणमैत्री नमूना टोल स्थापना कार्यविधि, २०८२ र पोषणमैत्री स्थानीय साशन अन्तर्गतका सूचक प्रमाणीकरण मापदण्ड, २०८२ स्वीकृत गर्ने ।

२०८२।१२।१४

डम्बर बहादुर रजन मगर
प्रमुख प्रशासकिय अधिकृत